**मिति २०७६ चैत्र ७ गते जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा बसेको सर्वदलिय सर्वपक्षिय बैठकबाट भएका निर्णयहरु :**

---

गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)को च.नं. ३३४७ मिति २०७६।१२।६ को पत्रबाट माननीय उप-प्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रण उच्च स्तरिय समन्वय समितिको मिति २०७६।१२।५ गते बसेको बेठकको १८ बुँदे निर्णयहरु प्राप्त भई बैठकमा जानकारी भयो । निर्णय भई आएका विषयका सन्दर्भमा छलफल गर्दा यस जिल्लामा COVID-19 संक्रमण रोकथाम गर्न देहाय बमोजिमका कार्यहरु गर्ने निर्णय गरियो ।

१. यस जिल्लामा संचालनमा रहेका सिनेमा हल, खेल स्थल, जिम, हेल्थ क्लब, कोचिङ सेन्टर, मनोरञ्जन स्थल, डान्स बार तथा क्लब आदिलाई २०७६ चैत्र मसान्तसम्म बन्द गर्ने ।

२. अत्यावश्यक काममा बाहेक आवतजावत, हिडडुल नगर्ने, साँस्कृतिक सामाजिक र त्यस्तै कार्यहरुमा मठमन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता धार्मिक र पार्टि प्यालेस जस्ता सार्वजनिक स्थलहरुमा २५ जना भन्दा बढी मानिसहरु भेला नहुने र वृद्ध वृद्धालाई मानिसहरुको जमघट हुने स्थानमा नजाने सम्बन्धी सुचना संचार माध्यम मार्फत प्रशारण गर्ने ।

३. यातायात व्यवसायीहरुले सार्वजनिक सवारी साधनहरुमा सिट क्षमता भन्दा बढी यात्रु ओसारपसार नगर्ने/नगराउने साथै सर्वसाधारण नागरिकहरुले भिडभाड गरी यात्रा नगर्ने । यस कार्यको अनुगमन जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले गर्ने ।

४. यात्रुबाहक सार्वजनिक यातायातका सवारी धनीले सवारी चलाउन अघि सवारी साधनलाई disinfection गर्ने । मानिसहरको बढी जमघट हुने सार्वजनिक स्थलमा सम्वन्धित स्थानीय तहले दैनिक रुपमा निश्चित समयको अन्तरालमा सरसफाई गर्ने ।

५. बजारमा उपभोग्य सामाग्रीको कृत्रिम अभाव, जम्माखोरी, मिसावट, कालोबजारी हुन गर्न नदिन अनुगमन कार्यलाई प्रभावकारी बनाउने, अत्यावश्यक खाद्य वस्तु लगायतका उपभोग्य वस्तु/औषधीको उपलब्धता सरल गराउन र अभाव हुन/गर्न नदिन देहाय बमोजिमको बजार अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | - प्रमुख, जिल्ला समन्वय समिति |
| सदस्य | - प्रमुख प्रशासकीय अधिकृत, तानसेन नगरपालिका |
| सदस्य | - प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय |
| सदस्य | - प्रहरी निरिक्षक, जिल्ला प्रहरी कार्यालय |
| सदस्य | - पत्रकार महासंघ |
| सदस्य | - अध्यक्ष, उद्योग वाणिज्य संघ |
| सदस्य | - अध्यक्ष, पाल्पा व्यापार संघ |

२०७६।१२।७

यादव सुवेदी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

६. सरकारी कार्यालय, गैर सरकारी संस्थाबाट संचालन हुने सबै प्रकारका गोष्ठी, सभा सम्मेलन जस्ता कार्यक्रमहरु हाललाई स्थगित गर्ने ।

७. होटल, रिसोर्ट, लज, रेष्टुरेण्ट तथा बार संचालकहरुले हात सफा गर्ने, sanitizer लगायतका सफाईका सामाग्रीहरुको प्रबन्ध गरी कार्यस्थल, शौचालय आदि स्थान र टेबल, कुर्ची, बार, रेलेङिमा नियमित रुपमा disinfection गर्ने ।

८. सार्वजनिक सेवा प्रवाह गर्ने सबै सरकारी, सार्वजनिक, सामुदायिक निजी तथा गैर सरकारी संस्थाहरुले आफ्नो कार्यालय भवन र परिसरको नियमित रुपमा सरसफाई गर्ने/गराउने, कार्यालय प्रवेशद्वारमा sanitizer को व्यवस्था गर्ने । सेवा प्रवाहमा संलग्न हुने कर्मचारीहरुको सेवा प्रवाह गर्दा स्वास्थ्य सतर्कता अपनाउने व्यवस्था सम्बन्धित कार्यालयले मिलाउने ।

९. बजारमा उपभोग्य सामाग्रीको अभाव हुन नदिन र अनावश्यक संचित नगर्न तथा पेट्रोलियम पदार्थको न्यूनतम स्टक रहने गरी विक्री वितरणको व्यवस्था मिलाउन र अनावश्यक संचित गर्न नदिन उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघले आवश्यक व्यवस्था मिलाउने ।

१०. जिल्लाका सबै नगरपालिका/गाउँपालिकाका महिला स्वयम सेविका/ टोल विकास संस्थाहरुलाई CORONA (COVID-19) को संक्रमणवाट जोगिने उपायका बारेमा जनचेतना फैलाउन अनुरोध गर्ने ।

११. जिल्ला स्थित अस्पताल र मेडिकल कलेजलाई आवश्यक पर्ने Thermal Scanner, Personal Protection Equipment र Medical Kit उपलब्ध गराउन प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

१२. CORONA (COVID-19)संक्रमण रोकथामको लागि चेतना सम्बन्धी सूचना सम्प्रेशण गर्न संचार माध्यमलाई अनुरोध गर्ने ।

१३. जिल्ला स्थित सबै अस्पताल/मेडिकल कलेजले औषधीको अभाव हुन नदिने व्यवस्था मिलाउनुका साथै ज्वरो, रुघा खोकीको उपचारको लागि अस्पतालमा आउने बिरामीलाई अलगै लाइन र कोठामा जाँच गर्ने व्यवस्था सबै अस्पतालहरुले मिलाउने ।

१४. तानसेन नगरपालिकाबाट लुम्बिनी मेडिकल कलेजको सहयोगमा जिल्ला भित्र आउने व्यक्तिहरुलाई प्रभासमा Help Desk राखी चेक जाँच गर्ने र जिल्लाका अन्य स्थानीय तहहरुलाई आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने नाकामा Help Desk राखी बाहिरबाट आउने व्यक्तिहरुलाई चेक जाँच गरी स्वयम् Quarantine मा बस्ने व्यवस्था मिलाउने ।

यादव सुवेदी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

१५. CORONA (COVID-19) संक्रमण रोकथाम तथा उपचारको क्रममा आउने बिरामीको उपचारमा उपलब्ध हुने औषधी, उपकरण तथा अन्य कुनै कुरामा अभाव तथा द्विविधा भएमा सहजीकरण गर्न देहाय बमोजिमको कार्य टोली (Task Team) गठन गर्ने निर्णय गरियो ।

१. संयोजक - प्रमुख जिल्ला अधिकारी
२. सदस्य - प्रमुख तानसेन नगरपालिका
३. सदस्य - प्रहरी उपरिक्षक
४. सदस्य - सशस्त्र प्रहरी नायब उपरिक्षक
५. सदस्य - अध्यक्ष, पाल्पा अस्पताल विकास समिति
६. सदस्य - अध्यक्ष, रामपुर अस्पताल विकास समिति
७. सदस्य - निर्देशक लुम्बिनी मेडिकल कलेज
८. सदस्य - निर्देशक युनाईटेड मिसन अस्पताल
९. सदस्य सचिव - प्रमुख, स्वास्थ्य कार्यालय पाल्पा

१६. स्थानीय तहमा CORONA (COVID-19) संक्रमण रोकथामको लागि कार्य गर्न सबै स्थानीय तहमा कार्य टोली बनाई काम गर्न अनुरोध गर्ने ।

यादव सुवेदी
प्रमुख जिल्ला अधिकारी